उमाकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पिती, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं ०४६-६९१९२९

पत्र संख्या: २०७८।०७९
चलानी नं: ९५९५

मिति: २०७९।०३।२८

विषय: आ.व. २०७८।०७९ को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु,
उमाकुण्ड गाउँपालिका, रामेछाप ।

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ क बमोजिम आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी प्रावधान भएकोले यस गाउँपालिकाको सामुदायिक विद्यालयमा कार्यरत् स्थायी, अस्थायी, करार, राहत, गाउँपालिका अनुदान शिक्षक, विद्यालय कर्मचारी र बाल विकास शिक्षकहरुले आ.व. २०७८।०७९ को सम्पत्ति विवरण नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सूचनामा तोकिएको ढाँचा बमोजिमको सम्पत्ति विवरण फाराम भरी खाम बाहिर देहायको विवरण उल्लेख गरी मिति २०७९ भदौ १० गते भित्र अनिवार्य रुपमा शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनु हुन अनुरोध गरिन्छ ।

**आ.व.२०७८।०७९ को सम्पत्ति विवरण**

| | |
|---|---|
| शिक्षकका संकेत (सिटरोल नं) : | कार्यरत् विद्यालय र ठेगाना : |
| शिक्षकको नाम, थर : | कार्यरत् विद्यालयमा हाजिरी मिति: |
| तह : | जिल्ला : |
| श्रेणी : | प्रदेश: |
| मोबाइल नं : | स्थानीय तह: |

यदि तोकिएको मिति भित्र सम्पत्ति विवरण पेस नगरेमा कानुन बमोजिम जरिवाना तलब भत्ताबाट कट्टा गरिने व्यहोरा जानकारी गराइन्छ। सम्पत्ति विवरण फाराम www.stro.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री सूचना प्रविधि शाखा, वेबसाइटमा अपलोड गरिदिनु हुन ।
श्री शिक्षा विकास तथा समन्वय इकाई, रामेछाप ।

दिल कृष्ण श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत